**गण्डकी प्रदेश सभा**

छैटौं अधिवेशन

बैठक संख्या - १९

सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति: २०८१/०३/१५

- गण्डकी प्रदेशसभाको मिति २०८१ साल असार १४ गतेको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको ०१ बजेर ५७ मिनेटमा प्रारम्भ भयो।
- बैठकको प्रारम्भमा माननीय सभामुख कृष्ण प्रसाद धितालले माननीय प्रदेश सभा सदस्य फणीन्द्र देवकोटाले सम्मानित सर्वोच्च अदालतमा ०८०-WO-१४१७ नं. को दायर गर्नुभएको रिटको सम्बन्धमा मिति २०८१ साल असार १० गते सम्मानित अदालतको उत्प्रेषणको अन्तरिम आदेशबाट प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म मिति २०८१ जेठ ३२ गतेको गण्डकी प्रदेश सभाको माननीय सभामुखको निर्णय तथा दल त्याग सम्बन्धी सूचना कार्यान्वयन नगर्नु, नगराउनु तथा निवेदकलाई गण्डकी प्रदेश सभाको सदस्यको हैसियतमा कार्यरत रहन दिनु भन्ने व्यहोराको अन्तरिम आदेशको जानकारी गराउनुभयो।
- तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा माननीय डिल्लीराम सुवेदी, माननीय निर्मला थापा, माननीय यशोदा रिमाल, माननीय लक्ष्मण बहादुर पाण्डे, माननीय सिता कुमारी सुन्दास, माननीय श्यामराजा महत, माननीय हरिबहादुर भण्डारी, र माननीय कृष्ण प्रसाद पाठकले समसामयिक विषयममा सभामा आफ्नो भनाई राख्नुभयो।
- तत्पश्चात "आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोपबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" का विभिन्न मन्त्रालयगत शीर्षकहरु माथिको बाँकी छलफलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय लगायत प्रतिष्ठान तथा निकायहरु र कृषि तथा भूमी व्यवस्था मन्त्रालय माथिको छलफल प्रारम्भ भयो।
- तत्पश्चात माननीय निर्मला थापाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भनि खर्च कटौतीको प्रस्ताव पेश गर्दै छलफलमा भाग लिनुभयो।
- तत्पश्चात माननीय भीम बहादुर कार्कीले कृषि तथा भूमि व्यवस्था मन्त्रालयको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भनि खर्च कटौतीको प्रस्ताव पेश गर्दै छलफलमा भाग लिनुभयो ।
- उक्त मन्त्रालयगत शीर्षकहरुमाथिको छलफलमा माननीय अशोक कुमार श्रेष्ठ, माननीय मित्रलाल वस्याल, माननीय हरिबहादुर चुमान, माननीय पञ्चराम गुरुङ, माननीय विमला गौचन, माननीय रोशन बहादुर गाहा थापा, माननीय दमयन्ती रुचाल, माननीय विन्दु पौडेल, माननीय जित बहादुर शेरचन, माननीय नन्दकला दमै नेपाली र माननीय सुधिर कुमार पौडेलले भाग लिनुभयो ।
- तदुपरान्त सभाको अर्को बैठक २०८१ असार १५ गते दिउँसो ३ बजे बस्नेगरी ४ बजेर ४६ मिनेटमा स्थगित भयो ।

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव